# आठराई त्रिवेणी गाउँपालिकाको खेलकुद सञ्चालन कार्यविधि २०८१

प्रस्तावनाः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विद्यमान खेदकुद सम्बन्धी नीति नियम तथा खेलकुदको विकास गर्न गराउन संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम खेलकुदको माध्यमबाट सर्वसाधरण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नका लागि खेलकुद सम्बन्धी तालिम, प्रतियोगिता तथा अन्य खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्न गराउन संविधानको अनुसूची ९ स्थानीय तह, प्रदेश र संघको साझा अधिकारको परिधिमा रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (३) को प्रतिकूल असर नपर्ने गरी सोही दफाको उपदफा (४) (क) को १-५ मा आधारित खेलकुद सम्वन्धि व्यवस्था भए अनुसार स्थानीय तहमा खेलकुद सञ्चालन गर्न/गराउन वाञ्छुनिय भएकोले आठराई त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ वमोजिम यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद -१

## नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ- यो कार्यविधिको नाम "आठराई त्रिवेणी गाँउपालिकाको खेलकुद सञ्चालन सम्वन्धि कार्यविधि-२०८१" रहने छ । यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

२.१ "कार्यविधि" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको खेलुकद सञ्चालन कार्यविधि-२०८१ भन्ने सम्झनु पर्नेछ ।

२.२ "खेलकुद विकास समिति" भन्नाले परिच्छेद ३ दफा ४ बमोजिम स्थापना भएको "आठराई त्रिवेणी गाउँपालिकाको खेलकुद विकास समिति सम्झनु पर्छ ।

२.३ "अध्यक्ष" भन्नाले खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

२.४ "उपसमिति" भन्नाले वडास्तरीय दफा ४ को उपदफा (५) बमोजिम स्थापना भएको वडास्तरीय खेलकुद विकास उपसमिति सम्झनु पर्दछ ।

२.५ "संयोजक" भन्नाले वडास्तरीय खेलकुद उप समितिको प्रमुख तथा खेलकुद विकास समितिले खेलकुद प्रतियोगिता संचालन गर्न तोकेको प्रमुख लाई सम्झनु पर्छ ।

२.६ "संरक्षक" भन्नाले खेलकुद विकास समितिको हकमा गाउँपालिका अध्यक्ष र वडास्तरीय खेलकुद विकास समितिमा सम्वन्धित वडाका वडा अध्यक्ष लाई सम्झनु पर्छ ।

२.७ "सदस्य" भन्नाले खेलकुद विकास समिति तथा खेलकुद उपसमितिका पदाधिकारी एवं सदस्यहरुलाई सम्झनु पर्छ ।



Scanned with OKEN Scanner

२.८ "सदस्य सचिव" भन्नाले खेलकुद विकास समितिको सदस्य सचिवलाई सम्झनु पर्छ ।

२.९ "खेलकुद सम्वन्धि संस्था" भन्नाले दफा १२.१ बमोजिम दर्ता भएका संस्था सम्झनु पर्छ ।

२.१० "खेलाडी" भन्नाले टीम,क्लब, संघ/संस्थामा आवद्ध प्रतियोगितामा सहभागी हुनेलाई सम्झनु पुर्छ ।

२.११ "प्रशिक्षक" भन्नाले आठराई त्रिवेणी गाउँपालिका खेलकुद विकास समितिद्धारा सञ्चालित खेलकुद प्रतियोगितामा प्रशिक्षक, टीम, क्लब, संघ/संस्थामा खेलकुद प्रशिक्षण कार्यमा संलग्न व्यक्ति वा समितिमा सम्बन्धित विषयगत दक्षतायुक्त खेलकुद प्रशिक्षक सम्झनु पर्छ।

२.१२ "प्रशिक्षक समुह" भन्नाले खेलकुद विकास समितिले विषयगत दक्षता भएका वा सो सम्वन्धि पूर्व दक्षता प्राप्त व्यक्ति जो गाउँपालिका भित्रका विषयगत दक्षता प्राप्त प्रतिनिधित्वमुलक संगठित समुहलाई सम्झनु पर्छ ।

२.१३ "खेलकुद विकास कोष" भन्नाले आठराई त्रिवेणी गाउँपालिका खेलकुद विकास कोष भन्ने सम्झनुपर्छ ।

२.१४ "खेलकुद विवरण" भन्नाले टीम, क्लब, संघ/संस्थाहरुले आवद्धता गराएका तथा वडास्तरीय र गाउँपालिका स्तरीय विषयगत खेलको रुपमा सूचिकृत भएकोलाई सम्झनुपर्छ ।

२.१५ "छनौट उपसमिति" भन्नाले विषयगत दक्षता अनुसार प्रतियोगिताको लागि खेलाडीहरुको छनौट गर्न खेलकुद विकास समितिले एक छनौट उपसमिति गठन गर्नेछ र सो उपसमितिले मापदण्ड सहित खेलाडी छनौट गर्ने समिति लाई सम्झनु पर्छ ।

२.१६ "गाउँपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद-२ उद्देश्य

३. खेलकुद विकास समितिको उदेश्यहरु निम्न बमोजिम हुनेछ-

१. गाउँपालिकाको कला,संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने ।

२. गाउँपालिका भित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्नतथा सम्वद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेलकुदको विकास गर्न सहयोग गर्ने ।

३. स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

४. सामाजिक वातावरणलाई स्वच्छ र सफा राख्न खेलकुद संघ/संस्थालाई परिचालन गर्ने ।

५. खेलकुदको माध्यमवाट गाउँपालिका बासीहरुमा नागरिक भावनाप्रति सचेत गराउने ।

६. खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहान गर्ने ।

७. खेलकुदमा विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी तथा गैरसरकारी निकायसँग सम्वन्ध कायम राखे ।



Scanned with OKEN Scanner

८. स्थानीय, प्रदेश र संघीय सरकारसंग समन्वय गरी समयानुकुल खेलकुदको विकास गर्ने ।

९. खेलकुद गतिविधिलाई संस्थागत रुपमा विकास गर्दै लैजाने

१०. आठराई त्रिवेणी गाउँपालिकाबाट स्थानीय, प्रदेश तथा राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्न समयसमयमा प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रम संचालन गर्ने ।

११. विषयगत खेल, प्रशिक्षण, अन्य क्षेत्रको सहभागीता, गाउँपालिका स्तरीय एवं वडास्तरीय र सामाजिक संघ/संस्था को साथै विद्यालय स्तरीय खेलकुदको उचित प्रबन्ध मिलाउन सहयोग पुर्याउने ।

## परिच्छेद-३

## खेलकुदको संस्थागत विकास एवं समितिको गठन सम्बन्धी व्यवस्था

४. गाउँपालिकामा खेलकुदको विकास सम्वन्धि गतिविधि गर्न खेलकुदको संस्थागत संरचना एवं समितिको गठन सम्वन्धी निम्न व्यवस्था गरिनेछ ।

१. गाउँपालिकास्तरीय खेलकुद विकास समितिको गठन हुनेछ। जसमा, अध्यक्ष/ उपाध्यक्ष र सदस्यहरु रहने छ ।

(क) सामाजिक विकास समितिका संयोजक एकजना - अध्यक्ष

(ख) अध्यक्षको सिफारिसमा गाँउ कार्यपालिकाको निर्णय अनुसार एक जना - उपाध्यक्ष

(ग) खेल जगतमा महत्वपूर्ण योगदान पुर्याउने मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित आठराई त्रिवेणी गाउँपालिका भित्र बसोवास गर्ने २ जना - सदस्य

(घ) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी वडा खेलकुद समितिको संयोजक एक/एक गरी ५ जना - सदस्य

(ङ) खेल जगतमा अनुभव प्राप्त गरेका आठराई त्रिवेणी गाउँपालिका भित्र बसोबास गर्ने व्यक्तिहरु मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी फरक-फरक खेल विधाका गाउँ कार्यपालिकाको निर्णयानुसार मनोनित चार जना - सदस्य

(च) गाउँपालिकाका कर्मचारीहरु मध्येबाट गाउँकार्यपालिकाको बैठक निर्णयअनुसार -एक जना सदस्य सचिव

२. राष्ट्रपति शिल्ड खेलकुदको प्रतिस्पर्धा गराउने निर्णय गर्नु पर्दा खेलकुदको प्रकृति हेरी समितिको बैठकमा स्थानीय सुरक्षा निकाय प्रमुख तथा माध्यमिक विद्यालयका एक/एक महिला/पुरुष गरी दुई जना, खेलकुद विषय हेर्ने शिक्षकलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

३. खेलकुद समिति अवच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्थाको रुपमा काम गर्नेछ ।

४. खेलकुद समितिले कार्यक्रम तथा कार्यप्रगति गाउँपालिका कार्य समितिमा पेश गर्नु पर्नेछ ।

दिपेन्द्र
अध्यक्ष



Scanned with OKEN Scanner

५. वडास्तरीय खेलकुदको विकास सम्वन्धि गतिविधि गर्न निम्नानुसार पदाधिकारी रहने गरी एक वडास्तरीय खेलकुद विकास उपसमिति रहनेछ ।

(क) वडा समितिबाट वडास्थित खेलप्रेमीबाट मनोनित एकजना - संयोजक

(ख) वडास्तरीय क्लब/संस्था तथा विषयगत क्षेत्रको प्रतिनिधित्व हुनेगरी एक महिला सहित वडा समितिको निर्णयअनुसार तीन जंना - सदस्य

(ग) वडास्तरीय खेलकुद उपसमितिका संयोजकको सिफारीसमा वडा अध्यक्षबाट मनोनित - सदस्य सचिव

(घ) वडास्तरीय खेलकुद विकास उपसमितिको संरक्षकको रुपमा सम्बन्धित वडाका अध्यक्ष रहने छन ।

५. **कार्यक्रम व्यवस्थापन तथा संचालन उपसमितिः** वडास्तरीय तथा गाउँपालिकास्तरीय खेलकुद कार्यक्रम संचालन गर्न वडास्तरमा वडास्तरीय खेलकुद विकास उपसमितिले र गाउँपालिकास्तरीय कार्यक्रममा गाउँपालिका खेलकुद विकास समितिले पाँच देखि सात सदस्य रहने गरी कार्यक्रम अवधिभरको लागि विषयगत क्षेत्रगत विज्ञ सहितको पदाधिकारी रहने व्यवस्था मिलाउन सक्नेछ ।

६. **अनुगमन तथा संरक्षक समितिको व्यवस्थाः** गाउँपालिकास्तरीय खेलकुद विकास समितिको हकमा निम्नानुसारको एक अनुगमन तथा संरक्षक समिति रहने छ ।

(क) अध्यक्ष- गाउँपालिका अध्यक्ष

(ख) सदस्य- गाउँपालिका उपाध्यक्ष

(ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

(घ) सदस्य - गाँउकार्यपालिका सदस्य मध्ये एक महिला सहित २ जना अध्यक्षबाट मनोनित - सदस्य

७. आठराई त्रिवेणी गाउँपालिका खेलकुद विकास समितिले समितिको निर्णयानुसार खेलकुद सम्बन्धि अनुभव प्राप्त विषयगत विधाको आधारमा महिला समेतको प्रतिनिधित्व रहने गरी ५-७ जनाको एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

८. पदावधि सम्बन्धि व्यवस्थाः खेलकुद विकास समितिका पदाधिकारीहरुको पदेन सदस्य बाहेक मनोनित तथा अन्य सदस्यको पदावधि चार वर्ष हुनेछ र पदावधि सम्बन्धमा उपाध्यक्ष र सदस्य सचिवलाई लगातार दुई कार्यकाल भन्दा बढी मनोनयन गरिने छैन ।

९, पदावधि समाप्त कुनै पदाधिकारीको पद रिक्त हुन आएमा पदावधि समाप्त नहुदै कुनै पदाधिकारीको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागी दफा. ३.१ बमोजिम पदपूर्ति गरिनेछ ।

१०. कुनै पदाधिकारीले पदबाट राजीनामा गरेमा स्वतः पद मुक्त भएको मानिने छ ।

११. उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले इमान्दारीतापूर्वक आफ्नो कर्तव्य पालन गरेको छैन भनी समितिका दुई तिहाई सदस्यको सिफारिसमा, अध्यक्षले त्यस्तो सदस्यलाई पदावधि समाप्त



Scanned with OKEN Scanner

हुनु अघि जुनसुकै वखत हटाउन सक्नेछव । तर उपाध्यक्ष र सदस्य-सचिबलाई पदावधि समाप्त हुनु भन्दा अघि पदबाट हटाउने निर्णय अध्यक्षको सिफारिसमा गाँउकार्यपालिका (वोर्ड)ले निर्णय लिनेछ ।

१२. उपाध्यक्ष र सदस्य-सचिव एवं सदस्यहरुलाई पदवाट हटाउनु पर्ने अवस्था भएमा निजलाई सफाई गर्ने उचित मौका दिनुपर्नेछ ।

१३. खेलकुद विकास समितिको लागि न्यूनतम निम्ननुसारको योग्यता हुनुपर्नेछ ।

(क) नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) आठराई त्रिवेणी गाउँपालिका भित्र स्थायी बसोवास गरेको र भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्धाको आरोपमा अदालतबाट कसुरदार् ठहरी सजाय नपाएको ।

(घ) खेलकुद सम्वन्धि अनुभव प्राप्त व्यक्ति ।

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य एकाइस वर्ष पुरा भएको ।

(च) कम्तिमा कक्षा दश पुरा भएको ।

१४. सदस्यता समाप्ति सम्बन्धी व्यवस्था:-

(क) दफा १३ को न्यूनतम योग्यता नभएमा ।

(ख) राजीनामा दिई स्वीकृत भएमा ।

(ग) मृत्यु भएमा ।

(घ) बिना सूचना लगातार तीनपटक भन्दा बढी समितिको नियमित बैठकमा अनुपस्थित भएमा ।

१५. खेलकुद विकास उपसमिति पदावधि सम्वन्धी व्यवस्था:-वडास्तरीय खेलकुद विकास उपसमितिको पदावधि पदेन सदस्य वाहेक ४ वर्षको हुनेछ साथै संयोजक र सचिवलाई लगातार दुई कार्यकाल भन्दा बढी मनोनयन गरिने छैन ।

१६. पदावधि समाप्त नहुदै कुनै पदाधिकारीको पद रिक्त हुन आएमा बाँकी पदावाधिको लागि दफा ४ को उपदफा ५ वमोजिम पदपुर्ति गरिने छ ।

१७. कुनै पनि पदाधिकारी हटाउनु परेमा संयोजकको सिफारिसमा वडा समितिको निर्णय अनुसार हुनेछ तर पदबाट हटाउन पर्ने अवस्था भएमा निजहरुलाई सफाइ गर्ने उचित मौका दिनु पर्नेछ ।

१८. वडास्तरीय खेलकुद विकास समितिको लागि देहाय वमोजिमको न्यूनतम योग्यता हुनुपर्नेछ ।

(क) नेपाली नागरिक

(ख) सम्बन्धित वडाभित्र स्थायी बसोवास गरेको



Scanned with OKEN Scanner

(ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्धा आरोपमा अदालतवाट कसुरदार ठहरी सजाय नपाएको ।

(घ) खेलकुद सम्वन्धि अनुभव प्राप्त व्यक्ति ।

(ङ) पदेन सदस्य वाहेक अन्य सदस्यको हकमा एकाइस वर्ष पूरा भएको ।

(च) कम्तिमा आधारभूत तह उतिर्ण भएको ।

१९. सदस्यता सामाप्ती सम्वन्धी व्यवस्थाः-

(क) दफा १८ को न्युनतम योग्यता नभएमा

(ख) राजीनामा दिई स्वीकृत भएमा

(ग) मृत्यु भएमा

(घ) विना सूचना नियमित वैठकमा तीन पटक भन्दा वढी अनुपस्थित रहेमा ।

## परिच्छेद-४

## वैठक र निर्णय सम्बन्धी व्यवस्था

२०. खेलकुद विकास समितिको वैठक र निर्णय सम्वन्धी व्यवस्थाः (क) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले समितिको वैठक वोलाउनुपर्नेछ वैठकको सूचना वैठक वस्ने दिन भन्दा कम्तिमा सातदिन अघि सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।तर वैठकको प्रस्ताव सहित सूचना सामान्यतया वैठक वस्नेदिन भन्दा कम्तीमा तीनदिन अघि सदस्यहरुलाई जानकारी दिनुपर्नेछ ।

(ख) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ ।

(ग) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको नियमित वैठक महिनामा कम्तीमा दुई पटक वस्नु पर्नेछ ।

(ङ) समितिका एकतिहाई सदस्यले वैठक वोलाउने लिखित् अनुरोध गरेमा वा अध्यक्षले आवश्यकता ठानेमा सदस्य सचिवले सात दिन भित्रमा वैठक वोलाउनु पर्नेछ ।

(च) वैठमा वहुमतको राय मान्य हुनेछ र मत वरावार भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(छ) सदस्य सचिवले वैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नु पर्नेछ र गाउँपालिका कार्यसमितिमा जानकारी गराउनु पर्नेछ ।

(ज) वैठक सम्वन्धि नियमित वैठक कार्यतालिका निर्धारण गरी समितिको निर्णय अनुसार हुनेछ ।

२१. वडास्तरीय खेलकुद विकास उपसमितिको वैठक र निर्णय सम्वन्धी व्यवस्थाः(क) संयोजकको निर्देशन अनुसार सदस्य सचिवले उपसमितिको वैठक वोलाउनेछ र वैठकको सूचना वैठक वस्ने दिनभन्दा कम्तीमा पाँच दिन



Scanned with OKEN Scanner

(ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्धा आरोपमा अदालतबाट कसुरदार ठहरी सजाय नपाएको ।

(घ) खेलकुद सम्बन्धि अनुभव प्राप्त व्यक्ति ।

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्यको हकमा एकाइस वर्ष पूरा भएको ।

(च) कम्तिमा आधारभूत तह उतिर्ण भएको ।

१९. सदस्यता सामाप्ती सम्बन्धी व्यवस्था:-

(क) दफा १८ को न्युनतम योग्यता नभएमा

(ख) राजीनामा दिई स्वीकृत भएमा

(ग) मृत्यु भएमा

(घ) विना सूचना नियमित बैठकमा तीन पटक भन्दा बढी अनुपस्थित रहेमा ।

## परिच्छेद-४

## बैठक र निर्णय सम्बन्धी व्यवस्था

२०. खेलकुद विकास समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था: (क) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले समितिको बैठक बोलाउनुपर्नेछ बैठकको सूचना बैठक बस्ने दिन भन्दा कम्तिमा सातदिन अघि सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।तर बैठकको प्रस्ताव सहित सूचना सामान्यतया बैठक बस्नेदिन भन्दा कम्तीमा तीनदिन अघि सदस्यहरुलाई जानकारी दिनुपर्नेछ ।

(ख) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको नियमित बैठक महिनामा कम्तीमा दुई पटक बस्नु पर्नेछ ।

(ङ) समितिका एकतिहाई सदस्यले बैठक बोलाउने लिखित् अनुरोध गरेमा वा अध्यक्षले आवश्यकता ठानेमा सदस्य सचिवले सात दिन भित्रमा बैठक बोलाउनु पर्नेछ ।

(च) बैठमा बहुमतको राय मान्य हुनेछ र मत बराबार भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(छ) सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नु पर्नेछ र गाउँपालिका कार्यसमितिमा जानकारी गराउनु पर्नेछ ।

(ज) बैठक सम्वन्धि नियमित बैठक कार्यतालिका निर्धारण गरी समितिको निर्णय अनुसार हुनेछ ।

२१. वडास्तरीय खेलकुद विकास उपसमितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था:(क) संयोजकको निर्देशन अनुसार सदस्य सचिवले उपसमितिको बैठक बोलाउनेछ र बैठकको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा पाँच दिन



Scanned with OKEN Scanner

अघि सदस्यहरुलाई दिनु पर्नेछ । तर बैठकको सूचना प्रस्ताव सहित सामान्यतया बैठक बस्ने भन्दा कम्तीमा दुई दिन अघि सदस्यहरुलाई दिनु पर्नेछ ।

(ख) तर समितिको बैठकमा अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सल्लाहअनुसार जेष्ठ सदस्यले गर्नेछ ।

(ग) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(घ) समितिको बैठक वर्षको कम्तीमा छ पटक बस्नु पर्नेछ । तर समितिका एकतिहाई सदस्यले लिखित अनुरोध गरेमा वा संयोजकले आवश्यकता ठानेमा सात दिन भित्रमा सचिवले बठैक बोलाउनु पर्नेछ ।

(ङ) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(च) सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राखुको साथै वडा कार्यालयमा जानकारी गराउनु पनेछ ।

१२. दफा २० र २१ मा जुनसुकै कुरा लेखिएको भएतापनि खेलकुद विकास समिति तथा वडा स्तरीय खेलकुद विकास उपसमितिका सल्लाहकार एवं संरक्षक समितिका पदाधिकारीहरुलाई आमन्त्रण गरी आवश्यक सल्लाह सुझाव लिन सकिनेछ ।

## परिच्छेद-५

## समिति/उपसमितिको काम(समिति/उपसमितिको काम,कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था)

८.१. आठराई त्रिवेणी गाउँपालिका खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाँउपालिकालाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने तथा समितिको कार्ययोजना र बजेट पारित गर्ने ।

(ख) खेलकुदको स्तरमा वृद्धि गर्न समय/समयमा वडास्तरीय, पालिका स्तरीय, अन्तर पालिका स्तरीय खेलकुदका प्रतियोगिताहरुको आयोजना गर्ने ।

(ग) खेलाडीहरुको स्तरवृद्धि गर्न जिल्ला तथा प्रदेशस्तरीय प्रशिक्षकहरुबाट तालिमको व्यवस्था गर्ने ।

(घ) गाँउपालिका स्तरको खेल प्रतियोगिता आयोजना गर्ने ।

(ङ) अन्तर पालिकामा संचालन हुने खेलमा पालिकाको तर्फ बाट टीमको सहभागीता गराउने ।

(च) खेलकुदको विकासको लागि वडास्तरमा खेलकुद उपसमिति लाई आवश्यक सल्लाह/सुझाव वा निर्देशन गर्ने ।



Scanned with OKEN Scanner

(छ) गाउँपालिका कार्यसमितिको निर्णय र कार्यक्रम अनुसार वडा स्तरीय, गा.पा. स्तरीय, विद्यालय स्तरीय र अन्तर पालिका स्तरीय प्रतियोगिता संचालन गर्ने भूमिका निर्वाह गर्ने ।

(ज) खेलको माध्यमवाट पर्यटनको विकास गर्ने तथा परम्परागत खेलकुदहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।

(झ) संघीय, प्रदेश र स्थानीय सरकारको खेलकुद सम्वन्धी नीति नियमको पालना गर्ने ।

(ञ) खेलकुदको विकासको लागि भौतिक पूर्वाधारको विकास, संरक्षण र प्रवद्धन गर्न स्थानीय तह, प्रदेश र संघीय सरकारमा सम्पर्क/समन्वय गर्ने ।

(ट) गाउँपालिका स्तरीय गुणस्तरीय खेल टीम निर्माण व्यवस्थापन र क्षमता अंभिवृद्धि गर्ने ।

(ठ) आन्तरीक तथा बाह्य प्रतियोगितामा सहभागी हुने खेलाडीहरु लाई प्रोत्साहन गर्न गाउँपालिका कार्यसमितिमा कार्य प्रगति र कार्ययोजना पेश गर्ने ।

(ड) वडा/गाउँपालिका र अन्तर पालिका खेलकुदको कार्यक्रममा सहभागी हुने र सहभागी गराउने ।

(ढ) सामाजिक वातावरण स्वच्छ बनाउन सामाजिक गतिविधिमा सरिक रहने ।

(ण) उत्कृष्ट खेलाडीहरुको जीवनस्तर उठाउन र मनोबल बढाउन कार्यक्रमहरु संचालन गर्ने तथा विभिन्न खेलका उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुको अभिलेख राख्ने ।

(त) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि, गाउँपालिका/प्रदेश र संघीय सरकार समक्ष सिफारिस गर्ने ।

(थ) खेलकुद विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने/गराउने

(द) समय अनुकुल खेलकुद सामाग्रीहरुको व्यवस्था गर्ने ।

(ध) समय-समयमा कार्यप्रगति विवरण गाउँपालिकामा पेश गर्ने ।

९.२. वडास्तरीय खेलकुद विकास उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा कार्यालय र गाउँपालिका स्तरीय खेलकुद विकास समितिमा खेलकुद सम्बन्धि नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने एवं समितिको कार्ययोजना र बजेट पेश गर्ने ।

(ख) खेलकुदको स्तरवृद्धि गर्न समय/समयमा वडास्तरीय र अन्तर वडास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्ने ।

(ग) वडा स्थित खेलका विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुको अभिलेख राखी खेलकुद बिकास समितिमा रेकर्ड पठाउने ।

(घ) गाउँपालिका स्तरीय खेलकुद समितिवाट आयोजना गरिने कार्यक्रमहरुको संचालन गर्ने जिम्मेवारी लिने/सहयोग पुरयाउने ।



Scanned with OKEN Scanner

(ङ) वडास्तरीय खेलाडीहरुको मनोबल बढाउन विभिन्न प्रतियोगितामा सहभागी गराउने, प्रोत्साहन गर्ने, सहभागिताको लागि आवश्यक व्यवस्था मिलाउने ।

(च) वडास्तरीय खेलकुद विकासको लागि वडा कार्यालयसंग समन्वय गरी आवश्यक व्यवस्था गर्ने/गराउने ।

## परिच्छेद-६

## खेलकुद विकास कोषसम्बन्धी व्यवस्था

६.१. गाउँपालिकास्तरीय खेलकुद विकास समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछः

(क) खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लागायतका क्रियाकलापमा आठराई गाउँपालिकाबाट विनियोजित रकम

(ख) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजन गरी संकलन भएको रकम ।

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।

(ङ) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापत लिने रकम ।

(च) खेलकुद सम्बन्धि प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क ।

(छ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम ।

(ज) प्रचलित कानून बमोजिम राष्ट्रिय/अन्तराष्ट्रिय संघ/संस्था वा व्यक्तिबाट प्राप्त रकम

(झ) संघ/संस्था दर्ता वा नवीकरण गरे बापत लिने शुल्क

(ञ) अन्य कुनै कानूनी स्रोतबाट प्राप्त रकम

६.२. कोषको संचालन र आर्थिक व्यवस्थापन सम्बन्धि निम्नानुसार गरिनेछ ।

(क) आठराई त्रिवेणी गाउँपालिका खेलकुद विकास समितिको नाममा छुट्टै बैंक खाता संचालन गरिने छ ।

(ख) आर्थिक स्रोतको परिचालन आठराई त्रिवेणी गाउँपालिकाको आर्थिक नीति नियम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ग) खेलकुद विकास समितिको निर्णय र आठराई त्रिवेणी गाउँपालिकाको सिफारिसमा अध्यक्ष, सचिव र एक सदस्यको नाममा खाता संचालन गरीने छ र उक्त संचालनमा कम्तीमा एक जना महिला समेतको दस्तखत रहने छ ।

(घ) आठराई त्रिवेणी खेलकुद विकास समितिका सबै क्रियाकलापहरुको आर्थिक कारोबार वा कोषको परिचालन यसै खाता बाट संचालन गरिनेछ ।



Scanned with OKEN Scanner

(ङ) गाउँपालिका स्तरीय खेलकुद विकास समिति तथा वडा स्तरीय उपसमितिबाट देहायका खेलकुद गतिविधि संचालनमा निम्न बमोजिम यस कोषबाट समितिको निर्णय र सिफारिस बमोजिम गाउँकार्यपालिकाबाट खेलकुद गतिविधि संचालनका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराइनेछ -

| क्र.सं. | खेलकुद गतिविधि | खेल विधाहरु | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा भित्रका साविकका वडा स्तरीय | एक विधा मात्र संचालन भएमा | रु. ५००००।- | भुक्तानीका लागि वडा र पालिका स्तरीय समितिको सिफारिसमा बिल भरपाई तथा अन्य कागजात पेश हुनुपर्ने |
| | | एक भन्दा बढी विधा संचालन भएमा | रु. ७५०००।- | |
| २ | हालका पालिका भित्रका वडा स्तरिय | एक विधा मात्र संचालन भएमा | रु. १०००००।- | |
| | | एक भन्दा बढी विधा संचालन भएमा | रु. १५००००।- | |
| ३ | अन्तरपालिका स्तरिय तथा विशेष अवसरको खुल्ला खेलकुद गतिविधि | एक विधा मात्र संचालन भएमा | रु. ३०००००।- | यस कार्यविधि बमोजिम र अन्य प्रमाणित कागजातका आधारमा कानून बमोजिम भुक्तानी हुने |
| | | एक भन्दा बढी विधा संचालन भएमा | रु. ४०००००।- | |
| | | बहुविधा तथा अन्य कार्यक्रम | रु. ५०००००।- | |

नोटः- अन्य ऐतिहासिक धार्मिक तथा पर्यटकिय महत्वका स्थल तथा पर्वमा आयोजना गरिने विशेष मेला तथा खेलकुद गतिविधिमा आवश्यक पर्ने बजेट गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गर्न सकिनेछ ।

(ङ) प्रचलित आर्थिक नियम/कानूनको आधारमा समितिको निर्णय र कार्यक्रम शीर्षकको आधारमा खर्च गरिने छ ।

(च) कोषको परिचालन गाउँपालिका भित्र मात्र गरिनेछ र गाउँपालिका स्तरीय टीम/खेलाडी पठाउनु परेमा समितिको निर्णय अनुसार स्थान/अवधि/खेलको स्वरुप हेरी रकम उपलब्ध गराउने छ ।

(छ) खेलाडीको हकमा सीप विकास, ड्रेस, खानाखाजा र यातायात खर्च स्थान/दरी/समयको आधारमा अनूसुचि - १ मा व्यवस्था भए बमोजिम वा समितिको निर्णयअनुसार उपलब्ध गराइने छ ।

(ज) खेलकुद प्रतियोगिताका लागि वडा तथा गाउँपालिकाबाट विनियोजित रकम प्रचलित आर्थिक ऐन, नियमको परिधिमा रहि खेलकुद विकास समितिको निर्णय अनुसार बैठक भत्ता, खाजा, प्रचारप्रसार, खेलसामाग्री, खेलमैदान मर्मत/निर्माण, प्रमाणपत्र, नगद पुरस्कार, पदक, यातायात, उद्घाटन तथा समापन कार्यक्रम आदिमा उपयोग गर्न सकिनेछ। कार्यक्रम संचालन खर्चमा मितव्ययिता अपनाउनु पर्नेछ । साथै बैठक भत्ता,खाजा खर्च,यातायात खर्च तथा पुरस्कार र पदकको सम्बन्धमा अनूसुचि - २ मा व्यवस्था भए बमोजिम वा समितिको निर्णय बमोजिम हुनेछ ।

(झ) आर्थिक प्रतिवेदन खेलकुद समितिले अभिलेख राखि कार्यप्रगति सहित गाउँपालिकामा पेश गर्नु पनेछ।



Scanned with OKEN Scanner

परिच्छेद-७

खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

७.१. खेलकुद पूर्वाधार स्थल छनौटः- पालिकास्तरीय खेलकुद मैदानको स्थल छनौट गाउँ कार्यपालिकाले गर्नेछ । छनौट गर्दा देहायका आधार लाई प्राथमिकता दिनु पर्नेछ ।

(क) सम्भव भए सबै वडाहरुलाई पायक पर्ने र यातायातको सुविधा भएको स्थल ।

(ख) वातावरणीय रुपले अनुकूल र प्राकृतिक विपदको जोखिममुक्त स्थल ।

(ग) खेलाडी, प्रशिक्षक तथा खेलकुद सम्बद्ध जनशक्तिको लागि आकस्मिक रुपमा हुने दुर्घटना र स्वास्थ्य समस्याको उपचारका लागि सुविधा समेतमा ध्यान पुरयाउनु पर्नेछ ।

(घ) खेलकुद पूर्वाधार स्थल स्थानीय तहको खेलकुद प्रतियोगिता र सम्भव भए अन्तरपालिका, जिल्ला र प्रदेश स्तरको प्रतियोगिता आयोजनाहुन सक्ने स्थल ।

(ङ) खेलकुद ग्रामको रुपमा विकास गर्न खेल विधा अनुसारको संरचना क्रमिक रुपमा निर्माण हुँदा आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न मिल्ने स्थान हुनुपर्नेछ ।

७.२. समितिको गठन गर्न सक्नेः- गाउँपालिकाले यस कार्यविधि अनुसार खेलकुद पर्वाधार निर्माण कार्य गर्न एक उपसमिति गठन गर्न सक्नेछ ।

७.३. भौतिक पूर्वाधारको लागि स्रोत व्यवस्थाः- गाउँपालिकाले खेलकुद पूर्वाधार स्थलको निर्माणको लागि नेपाल सरकारबाट तोकिएको सर्शत अनुदान रकम र गाउँपालिकाबाट विनियोजित रकमको आधारमा गरिनेछ । यस्तो रकमबाट जग्गा खरिद गर्न भने पाइने छैन ।

७.४. खेलकुद पूर्वाधारको संस्थागत स्वरुपः-

(क) निर्माण हुने खेलकुद पूर्वाधारको रकम लागत अनुमान अनुसार हुनेछ ।

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुरुपका भौतिक संरचना निर्माण गरिने छ।

(ग) राष्ट्रिय मापदण्ड अनुसार खेलमैदानको लागि कम्तीमा २५ रोपनी भू-भाग क्षेत्र भएको स्थानमा निर्माण गरिने छ । भने अन्य इन्डोर खेल र अन्य प्रकृतिमा खेलकुद गतिविधि संचालनमा मापदण्ड बमोजिम वा आवश्यकता अनुसार जग्गाको व्यवस्था मिलाइनेछ ।

.५ मर्मत, सम्भार र अतिरिक्त क्रमिक सुधारः

(क) कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न गाउँपालिका खेलकुद समिति वा सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।



Scanned with OKEN Scanner

(ख) विशेष किसिमको मर्मत तथा आंशिक भौतिक निर्माणको लागि खेलकुद विकास समितिले प्रस्ताव सहित गाउँपालिकामा रकम माग गर्न सक्नेछ ।

(ग) खेलकुद पूर्वाधार (स्टडियम, खेलकुद भवन, मैदान विस्तार, ट्र्याक आदि ) को खेलकुद समितिले निर्णय गरी गाउँपालिका कार्य समितिमा पेश गर्नु पर्नेछ र त्यसको लागि गाउँपालिकाबाट नियमित निर्धारण स्रोतको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-८

## खेलकुद प्रतियोगिता व्यवस्थापन

:.१. खेलकुद विकास समिति आँफैले वा गाउँपालिकामा दर्ता भएका टीम, क्लब/संस्था एवं वडा खेलकुद उपसमिति मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

:.२. खेलकुद विकास समितिले गाउँपालिकास्तरीय वा अन्तरपालिका एवं जिल्लास्तरीय र प्रदेश स्तरीय खेलको आयोजना गर्न सक्नेछ ।

:.३. गाउँपालिकासँग समन्वय गरी अन्तर स्थानीय तह एवं जिल्ला र प्रदेश स्तरीय आयोजना गर्नु पूर्व समितिले स्वीकृति लिनु पर्नेछ ।

:.४. वडास्तरीय खेलकुदको लागि वडास्तर र अन्तर वडा वा गाउँपालिकास्तरीय खेलकुदको लागि आवश्यक व्यवस्थापन भूमिका रहनेछ ।

:.५. वडा वजेट, गाउँपालिका वजेट तथा प्रदेश र संघीय सरकारबाट प्राप्त समेतको परिचालन गरी खेलकुद कार्यक्रमको उचित र समयानुकूल व्यवस्थापन मिलाईने छ ।

:.६. विभिन्न किसिमिका खेलकुद सम्बन्धी कार्यक्रमहरु संस्थागत/व्यक्तिगत तथा विधागत रुपमा आवश्यक उपसमितिहरुको गठन र जिम्मेवारी, खेलाडीहरुको क्षमता विकास, अन्तरसम्वन्ध र समन्वयको आधारमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

.७ समय सापेक्षित प्रचलित खेलहरुको व्यवस्था तथा प्रतियोगितामा भाग लिन पठाउँदा समितिको निर्णय अनुसार गरिनेछ ।

## परिच्छेद-९

## स्थानीय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन

.१ आठराई त्रिवेणी गाउँपालिका राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना सञ्चालन तथा समन्वय गर्न अध्यक्षको संयोजकत्वमा गठित व्यवस्थापन तथा निर्देशन समितिको निर्देशनमा खेलकुद विकास समितिले एक प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन उपसमिति गठन गरी कार्यान्वयन गर्नेछ ।

.२ खेलकुद कार्यक्रम तथा खेलतालिका स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न केन्द्रको निर्धारित तालिकाअनुसार हुने गरी मिति, समय र स्थानमा संचालन गरिनेछ ।



Scanned with OKEN Scanner

९.३ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका अनुसार व्यवस्था भए अनुसार स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति एवं खेलकुद विकास समितिको आपसी समन्वयमा अनुगमन तथा मूल्यांकन गरिनेछ ।

९.४ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि गाउँपालिकाबाट विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने ।

९.५ प्रतियोगितको सञ्चालनमा लागि आवश्यक थप आर्थिक स्रोत जुटाउन पहल गर्ने ।

९.६ विवाद समाधान उपसमितिको गठन गरी खेलकुदमा देखिएको उत्पन्न विवाद समाधान गरिनेछ । जसमा,

(क) खेलकुद समितिको तर्फबाट -- संयोजक

(ख) खेलकुद शिक्षक तर्फवाट -- सदस्य

(ग) प्रशिक्षकको तर्फवाट -- सदस्य

९.७ गाउँपालिका भित्रका सम्पूर्ण माध्यामिक (९-१२ का विद्यर्थीहरुको फरक/फरक विद्यामा छात्र/छात्राहरुलाई राष्ट्रिय रनिङ्ग शिल्ड निर्देशिका अनुसार सहभागी गराउन प्रोत्साहित गर्ने र सहभागीहरुको अभिलेख दुरुस्त राखे व्यवस्था मिलाउने ।

९.८ गाउँपालिकाका उत्कृष्ट खेलाडीहरु जिल्लास्तरीय प्रतियोगिता निर्धारित ढाँचाको आधारमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

९.९ प्रतियोगितामा उत्कृष्ट हुने विद्यालय र खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलकुद विकास समिति मार्फत गाँउ कार्यपालिकामा सिफारिस गरिनेछ ।

९.१० प्रतियोगितामा पूर्व मूल्यांकन तथा प्रतियोगिताको प्रक्रियामा सम्बन्धित जानकारीका साथ उपयुक्त व्यवस्था मिलाइने छ ।

## परिच्छेद १०

## खेलकुद प्रतियोगिता र सहभागी सहभागिता सम्बन्धी व्यवस्था

१०.१ अन्तर वडास्तरिय, गाउँपालिकास्तरीय वडास्तरीय टिम क्लव संघ/संस्था, विद्यालय/उच्च शिक्षा जिल्ला र प्रदेश एवं राष्ट्रियस्तरसम्म उपलब्ध उत्पादित खेलाडीहरुलाई विभिन्न विधामा व्यक्ति संस्थागत रुपमा सहभागी गराउन प्रयास गरिने छ ।

१०.२ गाउँपालिकाको निर्णय गरे बमोजिम खेलकुद विकास समितिको सिफारीसमा सहभागी हुन जाने टिमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसारको सुविधा प्रदान गरिने छ ।

क) वडास्तरीय प्रतियोगीतामा वडा समितिको निर्णयअनुसार वडास्तरीय खेलकुद उपसमितिको सिफारीसमा खाजा वापत प्रतिव्यक्ति प्रतिदिन रु. १००।- सम्म दिन सकिने छ ।



Scanned with OKEN Scanner

ख) गाउँपालिकास्तरीय अन्तर वडा प्रतियोगिताको लागि खेलकुद विकास समितिको सिफारीस र निर्णयअनुसार प्रति व्यक्ति खाजा वापत् प्रतिदिन रु. १००/- र खाजा बापत प्रतिछाक रु. २५०।- र यातायात तथा आवास बापत् न्यूनतम लागत उपलब्ध गराईनेछ ।

ग) वडा स्तरीय खेलकुद प्रशिक्षकलाई प्रतिदिन आवतजावत बसोबासको लागत मूल्य रकम र प्रशिक्षण भत्ता बापत् रु. ७००/- उपलब्ध गराईनेछ ।

(घ) गाउँपालिकास्तरीय खेलकुद प्रशिक्षकलाई आवातजावात, बसोबासको लागत रकम र खाना/खाजा बापत् प्रतिदिन/छाक (खाना प्रतिछाक रु २५० र खाजा रु१००) को अतिरिक्त प्रशिक्षण वापत प्रतिदन रु १००० दिने सकिनेछ ।

(ङ) अन्तर (गाउँपालिका) मा सहभागिता गराउदा निर्धारित खेल/खेलाडी संख्याको आधारमा (जस्तै फुटबलमा १५ जना र भलिबलमा १० जना सम्म) प्रति खेलाडी वापत खेल सञ्चालन समय अवधिमा आधारित भई यातायात र आवास न्युनतम लागत रकम खाजा वापत रु१५० खाना वापत प्रतिछाक रु २५० र प्रोत्साहन भत्ता बापत् दैनिक रु. ३००/- का दरले उपलब्ध गर्न सकिने छ ।

(च) त्यसै गरी अन्तर पालिका जिल्ला प्रतियोगिताको लगि टीम लिएर जाने खेल बिदाको आधारमा समावेशी अनुसार यातायात तथा आवास न्युनतम लागत रकम र खाजा रु. १५०- खाना बापत प्रतिछाक रु.३००- र प्रोत्साहन वापत् रु. ५००/- सम्म उपलब्ध गर्न सकिने छ ।

(छ) वडास्तरीय प्रतियोगितामा वडा खेलकुद उपसमिति र क्लब तथा संस्थाका खेलाडी सम्बन्धित पक्षबाट ड्रेस को व्यवस्था गर्न सक्नेछ र गाउँपालिका स्तरीय प्रतियोगिता खेल प्रतियोगितामा पठाउनु पर्ने भएमा ड्रेस सम्बन्धी खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट प्रति खेलाडी बढीमा रु २,०००/- सम्मको व्यवस्था गर्न सकिने छ ।

(ज) विद्यालयको खेल प्रतियोगितामा सम्पूर्ण खर्च सम्बन्धित बिद्यालयले व्यहोर्नु पर्ने छ र खेल अवधिभर सहभागी विद्यालय मार्फत् खेलाड़ीहरुलाई दैनिक खाजा बापत् रु ५० उपलब्ध गराइने छ ।

(झ) गाउँपालिका स्तरीय खेलमा प्रथम/दितिय/तृतीय हुने विजयी खेलाडीलाई क्रमश प्रोत्साहान स्वरुप रु १०००, रु ७५० र रु ५०० बराबरको मेडल प्रमाण-पत्र को व्यवस्था मिलाइने छ ।

(ञ) खेल संचालन अवधिभर व्यवस्थापन पक्षलाई प्रशिक्षक, सहायक प्रशिक्षक, र विषयगत खेलको आधारमा भलिबल-२ जना, फुटबल-२ जना, एथ्लेटीक्स-३ जना एंव अनुगमन तथा मुल्याकन समितिका पदाधिकारीलाई खेलकुद विकास समितिको निर्णयअनुसार खाजा, खाना र प्रोत्साहन वापत् रकम उपलब्ध गर्न सकिने छ ।

(ट) यस गाउँपालिकाबाट अन्यत्र जिल्ला/प्रदेश र राष्ट्रियस्तरमा सहभागी भई उत्कृष्ट स्थान हाँसिल गरेर आउने खेलाडी वा टीमलाई खेलकुद विकास समितिको सिफारिस बमोजिम गाउँपालिकाबाट उचित प्रोत्साहन स्वरुप पुरष्कृत गर्न सकिने छ ।



Scanned with OKEN Scanner

(ठ) खेलकुद विकास समितिका पदाधिकारीहरुलाई बैठक सहभागीता गरेवापत् बैठक भत्ता स्वरुप गाउँपालिकाको निर्णयअनुसार उपलब्ध गरिनेछ ।

(ण) गाउँपालिकावाट खेलकुदको उचित प्रबन्ध र कार्यक्रमको नियमितताको लागि करार अस्थायी दरबदी कायम गरी न्युनतम सेवा सुविधाको मिलाउन सकिने व्यवस्था मिलाउन सकिने छ ।

## परिच्छेद -११

## बिषयगत खेलप्रशिक्षण तथा तालिम व्यवस्थापन

११.१. गाउँपालिकास्तरीय खेलकुद विकास समितिको खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागी समयानुकूल आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिइनेछ ।

११.२. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन वडास्तरीय खेलकुद उपसमिति वा वडा को सिफारिस सहित खेलकुद विकासमा निवेदन दिन पर्नेछ ।

११.३. खेलकुद विकास समितिको निर्धारण कार्यक्रम अनुसार प्रशिक्षण कार्य संचालन गरिने छ ।

११.४. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी एक जना प्रशिक्षक, एक जना सहायक प्रशिक्षक, सेवा करारमा नियुक्ति गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ । र त्यस्ता प्रशिक्षक र सहायक प्रशिक्षकको नियुक्तिको योग्यता तथा पाठ्यक्रम अनूसुचि ४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

११.५. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आँफैले जुटाउनु पर्ने छ ।

११.६ प्रशिक्षकले हप्ताको छ दिन प्रत्येक दिन कम्तीमा दुई घण्टा खेलाडीहरुलाई कार्यतालिका बनाई प्रशिक्षण कार्य गर्नु पर्ने छ ।

११.७. गाउँपालिका खेलकुद विकास समितिले समितिका पदाधिकारी मध्ये एक जनालाई संयोजक तोकी खेलकुद प्रशिक्षक उपसमिति तीन जनाको गठन गर्न सक्नेछ ।

११.८ . प्रशिक्षण उपसमितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्ने छ।

११.९. प्रशिक्षण अवधिभर प्रशिक्षण उपसमितिले खेलकुद विकास समितिको मातहतमा रही नीति, नियम र खेलाडीहरुको लागि अनुशासन कायम गर्ने छ ।

११.१०. खेलकुद प्रशिक्षणमा आवश्यक व्यवस्थापनको लागि प्रशिक्षण उपसमितिले खेलकुद विकास समितिका निर्णय सहित अनुरोध गर्नुपर्नेछ ।

११.११ वडा तथा गाउँपालिकास्तरीय बजेटको आधारमा कार्यक्रम तालिका र विषयगत खेल एंव कार्यक्रम अनुसार प्रशिक्षक कार्य सञ्चालन गरिने छ ।

## परिच्छेद -१२

### गाउँपालिका क्षेत्र भित्रका टीम क्लब र संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१२.१. आठराई त्रिवेणी गाउँपालिका भित्रका टीम, क्लब, समिति र संघसंस्था आदिले गाउँपालिका खेलकुद विकास समितिको उद्देश्य, नीति नियमलाई पालना गर्ने गरी खेलकुद विकास गर्न वडास्तरीय वा संस्थागत क्रममा नियमित विधानका साथ वडा कार्यालयको सिफारिस सहित दर्ता तथा नवीकरणको लागि नियमानुसार गाउँपालिका खेलकुद विकास समिति समक्ष पेश गर्नु पर्नेछ ।

१२.२. दर्ता भएका टीम, क्लब, समितिहरुले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी गाउँपालिका खेलकुद समितिबाट स्वीकृत लिनु पर्नेछ ।

१२.३. गाउँपालिका खेलकुद समितिमा दर्ता भएका टीम,क्लब,समितिले खेलकुद विकास समिति संग समन्वय गरी वडास्तरीय/गाउँपालिकास्तरीय तथा अन्तरपालिका स्तरीय विषयगत खेलकुद सञ्चालन गर्न अनुमति दिन सकिने छ ।

१२.४ वडास्तरीय खेलकुद उपसमितिको गाउँपालिकास्तरीय वा अन्तर पालिकासमेतको प्रतियोगिता संचालन गर्न सक्नेछ र त्यस्तो प्रतियोगिता संचालन गर्न/गराउन गाउँपालिका खेलकुद विकास समितिको स्वीकृति लिनुपर्ने ।

१२.५ यसरी कार्यक्रम आयोजना गरी संचालन गर्न आयोजकहरुले कार्यक्रम आयोजनाको मिति, स्थान, विषयगत खेल, अनुमानित वजेट, सञ्चालन विधि, समावेश गरिने क्षेत्र तथा तत्सम्बन्धी आवश्यक नीति/नियमहरुको विकास सहित खेलकुद विकास समितिमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

१२.६ खेलकुद संग सम्वन्धित क्लब/संघसंस्था तथा समितिहरुको दर्ता र नविकरण खेलकुद विकास समितिले निश्चित मापदण्ड तयार गरी व्यवस्थापन गर्नु पर्नेछ ।

१२.७ विधिवत् दर्ता भएका खेलकुद संस्थालाई वडा,गाउँपालिका तथा अन्य निकायको सहयोगबाट प्रतियोगितात्मक कार्यक्रम संचालन गर्न/गराउन समयनुकल व्यवस्था मलाउनु सकिनेछ ।

१२.८ निश्चित क्षेत्र कायम गरी विधान सहित विधिवत दर्ता भएका वा दर्ता हुन चाहाने खेलकुद सम्बन्धि क्लव वा संस्थाले आवश्यक प्रकृया सम्वन्धित वडाको सिफारिसमा खेलकुद विकास समितिमा दर्ता हुन सक्नेछन र यस्तो दर्ताको लागि सामाजिक विकास संस्था दर्ता सम्बन्धी विधान अनुसारको कागजात खेलकुद विकास समितिमा पेश गर्नपर्नेछ । पेश भएका क्लव वा संस्थालाई खेलकुद विकास समितिको निर्णयानुसार आवश्यक न्यूनतम दस्तुर लिई स्वीकृत दिन सक्नेद्छ ।

## परिच्छेद-१३

## विविध

१३.१. खेलकुद विकास समितिले खेलकुद सम्बन्धि नीति/नियमको परिधिमा रही केही अधिकार आवश्यकता अनुसार समितिको निर्णय अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, सदस्य तथा विभिन्न उपसमिति र संघ/संस्था एवं कर्मचारीलाई प्रत्यायोजन गर्न सकिने छ ।

१३.२. खेलकुद समितिले सञ्चालन गरिने नियमित कार्यहरुमा रनिङ्ग शिल्ड लाई लगातार एउटै संस्था/ टिम वा विद्यालयलले विजय गरेमा सो को एउटा नयाँ व्यवस्था गर्नु पर्नेछ ।

१३.३. खेलकुद समिति बाट भाग लिई प्राप्त पुरस्कार अनुसुचि ३ मा व्यवस्था भए बमोजिम र प्राप्त शिल्ड गाउँपालिकामा रहेको खेलकुद समितिको सचिवालयमा राख्ने व्यवस्था मिलाइने छ ।

१३.४. कुनै संघ/संस्था, क्लब तथा उपसमितिले जिम्मेवारी पूरा गर्न नसकेमा वा दर्ता नविकरण वा पुर्गठन नभएमा त्यस्ता निकायलाई थप कार्यक्रमको जिम्मा दिइने छैन ।

१३.५. वडास्तरीय खेलाडी पठाउदा सम्बन्धित वडामा स्थायी बसोबास बा स्थानीय हुनु पर्नेछ, सोको सिफारिस सम्बन्धित वडाले अनिवार्य रुपमा सिफारिस गरिएको हुनुपर्नेछ ।

१३.६. अन्तर वडास्तरीय प्रतियोगितामा भाग लिने खेलाडीहरुको नामावली वडाको लेटर प्याडमा फुटवलमा बढीमा १५ जना र भलिबलमा बढीमा १० जनाको नामाबली प्रतियोगिता संचालक हुन भन्दा १ दिन अगाडी पेश गर्नु पर्नेछ र शुरुमा नामावली भएका खेलाडीहरुको मात्र अन्तिम सम्म समावेश हुने र बीचमा थप वा नयाँ खेलाडी प्रतियोगितामा समावेश गर्न पाइने छैन ।

१३.७. खेलाडीहरुको प्रोत्साहनको लागि खेलकुद विकास समितिको सिफारिसमा गा.पा. बाट अन्तरपालिका वा जिल्ला स्तरीय प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्न खेलाडीलाई क्रमशः रु.५०००। - रु. ३०००।-र रु. २०००।- साथै राष्ट्रिय स्तरमा प्रथम,दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने खेलाडी लाई क्रमश रु.१०,००० रु.७,५००।- र रु.५०००।-नगद पुरस्कार दिन सकिनेछ ।

१३.८. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगीता निर्देशिका अनुसार विद्यालयले सहभागी गराउनु पर्नेछ ।

१३.९ खेलकुद समितिहरुको (वडा/पालिका) संरचनागत विकास तथा खेलकुद प्रतियोगिता र सहभागिता सम्वन्धी व्यवस्थापनको लागि अध्यक्षको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार परिमार्जन गरि कार्यान्वयन गर्न सकिन्छ ।

१३.१०,खेलकुद समितिका पदेन पदाधीकारी बाहेक अन्य पदाधीकारीहरुको अवधी कार्यविधिमा व्यवस्था गरे बमोजिम हुनेछ ।

१३.११ खेलकुद संचालन तथा व्यवस्थापनको हकमा एकद्वार प्रणाली अनुसार खेलकुद समितिबाट व्यवस्था मिलाइनेछ ।



Scanned with OKEN Scanner

अनुसुचि -१ परिच्छेद ६ दफा ६.३ को छ संग सम्बन्धित

ाउँपालिकाबाट टिममा छनौट भई खेलमा सहभागिता जनाउनेखेलाडीहरुको सीप विकास ड्रेस खानाखाजा र यातायात सुविधा देहायं बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | ड्रेस खर्च | खानाखाजा | यातायात | आवास |
|---|---|---|---|---|---|
| १ | पालिका भित्र आयोजना भएका खुल्ला पुरुष तथा महिला खेलमा सहभागिता | प्रति खेलाडी बढीमा रु.२००० | खाना प्रतिछाक रु.२५० र खाजा प्रतिदिन रु. २०० | प्रति खेलाडी रु. ५०० वा गाडी रिजर्भमा कम लागत पर्ने | प्रतिदिन प्रति खेलाडी रु ३०० |
| २ | पालिका बहिर जिल्ला तथा जिल्ला अन्तर्गत अन्य पालिकामा आयोजना हुने खुल्ला पुरुष तथा महिला खेलमा सहभागिता | प्रति खेलाडी बढीमा रु.३००० | खाना प्रतिछाक रु.३५० र खाजा प्रतिदिन रु. ३०० | प्रति खेलाडी रु. १००० वा गाडी रिजर्भमा कम लागत पर्ने | प्रतिदिन प्रति खेलाडी रु ५०० |
| ३ | प्रदेश स्तरिय खेलकुद तथा खुल्ला खेलकुदमा अन्य जिल्लामा संचालन हुने खेलकुदमा सहभागिता | प्रति खेलाडी बढीमा रु.५००० | खाना प्रतिछाक रु.४५० र खाजा प्रतिदिन रु. ४०० | प्रति खेलाडी रु. २५०० वा गाडी रिजर्भमा कम लागत पर्ने | प्रतिदिन प्रति खेलाडी रु १००० |
| ४ | अन्य राष्ट्रिय स्तरका खेलकुदहरु | गाउँकार्यपालिकाको निर्णय बमोजिम आवश्यकता अनुसार हुनेछ । | | | |

नोटः क. कुनै खेलकुद आयोजकबाट आमन्तित्र खेलमा सहभागिता जनाउदा आवश्यकता बमोजिम मात्र उपलब्ध गराइनेछ ।

ख. विषयगत खेलका प्रशिक्षक तथा टिम व्यवस्थापकहरुको सुविधा समेत माथि उल्लेख गरिए बमोजिम हुनेछ ।

ग. उक्त खेलको अवलोकन तथा अतिथिका रुपमा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष लगायतका पदाधिकारी सहभागिता जनाएको भए समेत विशिष्ट अतिथिका रुपमा आवश्यकता अनुसार सुविधा उपलब्ध गराइनेछ ।उक्त खर्चको गाउँकार्यपालिकाबाट अनुमोदन गरिनेछ ।



Scanned with OKEN Scanner

## अनुसुचि - २ परिच्छेद ६ को दफा ६.३ को ज सँग सम्बन्धित

### पुरस्कार पदक र बैठक भत्ता तथा पदक सम्बन्धी व्यवस्था

| क्र.सं. | विवरण | आवश्यक प्रक्रिया | कैफीयत |
|---|---|---|---|
| १ | पुरस्कार व्यवस्थापन | गाउँपालिकाको तर्फबाट सहभागिता जनाई प्राप्त पुरस्कारको कुल रकम मध्ये सोको ७५ प्रतिशत रकम गाउँपालिकाको खेलकुद विकास कोषमा जम्मा गर्नु पर्नेछ भने २५ प्रतिशत गाउँपालिकाको तर्फबाट सहभागि खेलाडीहरुलाई दामासाहिका आधारमा प्रोत्साहन स्वरुप वितरण गरिनेछ । | |
| २ | पदक व्यवस्थापन | सम्पुर्ण टीमको तर्फबाट प्राप्त पदक गाउँकार्यपालिकाको कार्यालयमा राखिनेछ भने खेलाडीले व्यक्तिगत रुपमा प्राप्त पदका निजको अभिलेख गाउँपालिकामा राखि निजलाई नै प्रदान गरिनेछ । | |
| ३ | शिल्ड व्यवस्थापन | गाउँपालिकाबाट टिममा सहभागिता जनाई प्राप्त शिल्डलाई गाउँपालिकाको कार्यालयमा राखिनेछ । | |
| ४ | पदाधिकारी बैठक भत्ता व्यवस्थापन | गाउँपालिका खेलकुद विकास समिति र वडा स्तरिय उपसमितिको बैठक वापत प्रति बैठक प्रति पदाधिकारी रु . १०००।- का दरले कर सहित उपलब्ध गराइनेछ ।उक्त बैठकमा बढीमा ३ जनासम्म आवश्यकता र औचित्य हेरी आमन्त्रित्र सदस्य सहभागिता गराउन सकिनेछ भने निजहरुले समेत जनही प्रति बैठक रु. १०००।- का दरले बैठक भत्ता प्राप्त गर्न सक्नेछन । | |